# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.

# First Microfinance Laghu Bitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "घ" वर्गको थोक लघुवित्त कर्जा प्रदायक लघु वित्त वित्तीय संस्था

## Interim Financial Statements

### Condensed Statement of Financial Position

As on 3rd Quarter ended 31 Chaitra 2081 (13/04/2025)

| | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash & Cash Equivalent | 948,640,582 | 1,130,686,591 |
| Statutory Balances and Due from Nepal Rastra Bank | 28,318,475 | 45,818,475 |
| Placement with Bank & Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans & Advances to MFIs & Cooperatives | 6,080,563,053 | 7,408,077,363 |
| Loans and Advances to Customers | 24,772,453 | 22,930,027 |
| Investment Securities | 1,305,600 | 1,305,600 |
| Current Tax Assets | 12,906,335 | 1,944,137 |
| Investment Property | - | - |
| Property and Equipment | 6,190,766 | 6,751,575 |
| Goodwill and Intangible assets | - | - |
| Deferred Tax assets | 6,079,638 | 3,476,460 |
| Other Assets | 68,168,452 | 68,387,954 |
| **Total Assets** | **7,176,945,354** | **8,689,378,182** |
| | | |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instrument | - | - |
| Deposit from Customers | - | - |
| Borrowing | 5,409,407,524 | 6,968,540,757 |
| Current Tax Liabilities | - | - |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 63,383,676 | 81,606,737 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **5,472,791,200** | **7,050,147,494** |
| **Equity** | | |
| Share Capital | 1,344,871,323 | 1,233,826,902 |
| Share Premium | - | - |
| Retained Earnings | 53,320,464 | 119,946,662 |
| Reserves | 305,962,367 | 285,457,124 |
| **Total Equity** | **1,704,154,154** | **1,639,230,688** |
| **Total Liabilities and Equity** | **7,176,945,354** | **8,689,378,182** |

### Condensed Statement of Profit or Loss

Upto Chaitra End 2081

| Particular | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 119,376,306 | 426,191,938 | 215,219,789 | 678,490,218 |
| Interest Expense | (73,760,360) | (269,143,085) | (115,994,609) | (425,432,783) |
| **Net Interest Income** | **45,615,946** | **157,048,853** | **99,225,180** | **253,057,435** |
| Fee and Commission Income | 2,047,500 | 4,817,150 | 6,646,913 | 20,475,264 |
| Fee and Commission Expense | (80,000) | (1,180,000) | (167,500) | (1,851,813) |
| **Net Fee and Commission Income** | **1,967,500** | **3,637,150** | **6,479,413** | **18,623,451** |
| **Net Interest, Fee and Commission Income** | **47,583,446** | **160,686,003** | **105,704,593** | **271,680,886** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 543,992 | 713,709 | - | - |
| **Total Operating Income** | **48,127,438** | **161,399,712** | **105,704,593** | **271,680,886** |
| Impairment Charge for loans and other losses | (2,737,723) | (11,251,192) | (34,391,089) | (34,391,089) |
| **Net Operating income** | **45,389,715** | **150,148,520** | **71,313,504** | **237,289,797** |
| **Operating Expenses** | **(18,531,326)** | **(48,574,665)** | **(15,380,058)** | **(49,391,198)** |
| Personnel Expenses | (13,933,155) | (36,477,184) | (11,136,490) | (38,374,469) |
| Other Operating Expenses | (4,088,832) | (10,575,780) | (3,723,917) | (9,463,824) |
| Depreciation and Amortisation | (509,339) | (1,521,701) | (519,651) | (1,552,905) |
| **Operating Profit** | **26,858,389** | **101,573,855** | **55,933,446** | **187,898,599** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expense | - | - | - | - |
| **Profit before Income Tax** | **26,858,389** | **101,573,855** | **55,933,446** | **187,898,599** |
| Income Tax Expense | - | | | |
| Current Tax | (11,123,277) | (33,537,917) | (10,587,589) | (57,638,228) |
| Deferred Tax | 2,603,178 | 2,603,178 | - | - |
| **Profit (Loss) for the Period** | **18,338,290** | **70,639,116** | **45,345,857** | **130,260,371** |
| **Statement of Comprehensive Income** | | | | |
| **Profit (Loss) for the Period** | **18,338,290** | **70,639,116** | **45,345,857** | **130,260,371** |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **18,338,290** | **70,639,116** | **45,345,857** | **130,260,371** |
| Basic earnings per share | | 7.00 | | 14.08 |
| Diluted earnings per share | | 7.00 | | 14.08 |
| **Profit For the Period** | **18,338,290** | **70,639,116** | **45,345,857** | **130,260,371** |
| **Total** | **18,338,290** | **70,639,116** | **45,345,857** | **130,260,371** |

### Ratio As per NRB Directives

| Ratios | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | | 25.33% | | 21.39% |
| Non-performing loan (NPL) to Toal Loan | | 4.78% | | 3.12% |
| Net NPL to Net Loan | | 0.67% | | 0.74% |
| Total Loan Loss provision to Total NPL | | 107.01% | | 125.71% |
| Cost of Funds | | 6.78% | | 9.57% |
| Credit to Deposit and borrowing Ratio | | 112.41% | | 128.96% |
| Base Rate | | 7.87% | | 10.41% |
| Interest Rate Spread for the month of Chaitra | | 1.08% | | 2.06% |

### Statement of Distributable Profit or Loss

Upto Chaitra End 2081

| Particular | Current Year Upto This Quarter | Previous Year Corresponding Quarter |
|---|---|---|
| **Net Profit or (loss) as per Statement of Profit or Loss** | **70,639,116** | **130,260,371** |
| Appropriations | | |
| a. General Reserve | (14,127,823) | (26,052,074) |
| b. Capital Redemption Reserve | | |
| c. Corporate Social Responsiability | (1,059,587) | (1,302,604) |
| d. Employee Training Fund | - | - |
| e. Client Protection Fund | (706,391) | (1,302,604) |
| f. Other | - | - |
| Profit or (loss) Before Regulatory Adjustment | 54,745,315 | 101,603,089 |
| Regulatory adjustment | | |
| a. (Interest Receivable)/Previous Accured Interest Received | (3,236,825) | (15,922,823) |
| b. (Short Loan Loss Provision in Accounts)/Reversal | - | - |
| c. (Short Provision for Possible Loss in Investment)/Reversal | - | - |
| d. (Short Loan Loss Provision on Non Banking Asset)/Reversal | - | - |
| e. (Deffered Tax Asset Reconized)/Reversal | (2,603,178) | - |
| f. (Goodwill Recognized)/Impairment of Goodwill | - | - |
| g. (Bargain Purchase Gain Reconized)/Reversal | - | - |
| h. (Acturial Loss Regognized)/Reversal | - | - |
| i. Other | - | - |
| **Net Profit or (loss) for the year ended available for Distribution** | **48,905,312** | **85,680,266** |
| Opening Retained Earning | 119,946,662 | 181,576,133 |
| Adjustment (+-) Prior Period Tax | | |
| Distribution: | (116,888,862) | (172,161,892) |
| Bonus Share Issued | (111,044,421) | (86,080,946) |
| Cash Dividend Paid | (5,844,441) | (86,080,946) |
| **Total Distributabe Profit or (Loss) as on Qtr End Date** | **51,963,112** | **95,094,507** |
| **Annulized Distributable Profit/Loss Per Share** | **5.08** | **10.02** |

**Notes to Interim Financial Statements:**

- The above figures are subject to change as per the direction of the Regulators and/or external auditors.
- The interim financial statement has been prepared in accordance with NFRS issued by the Accounting Standards Board, Nepal and the carve out issued by ICAN.
- The Microfinance, following regulatory backstop measures as mentioned in clause 16 of NFRS-9 ECL Guidelines 2024 issued by NRB
- has recognized impairment on credit exposure as the higher of total ECL and existing NRB Directives on loan loss provision.
- Loans and Advances to MFIs and Co-operatives are presented net of impairment allowances.
- Loans and Advances to Customers (employees) measured at amortized costs
- Last year figures have been reclassified, restated & corrected wherever necessary for the purpose for comparability.
- The Interim Financial Statements has been updated in the Microfinane website: www.fmdb.com.np

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम १ संग सम्बन्धित)

## आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

क) आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक वित्तीय विवरण यस लघु वित्त वित्तीय संस्थाको सूचना पाटीमा टाँस गर्नुका साथै संस्थाको वेबसाइटमा र यसै साथ प्रकाशित गरिएको छ ।

संस्थासंग सम्बन्धित पक्षहरूसँगको कारोबारमा यस संस्थाका संस्थापक शेयरधनी बैंक तथा वित्तीय संस्थाहरूसँग भएको कारोबारको विवरण निम्न बमोजिम रहेको छ :

रकम रु. करोडमा

| सम्बन्धित पक्ष | सम्बन्ध | कर्जा सापटी | ब्याज खर्च | अन्य खर्च |
|---|---|---|---|---|
| ग्लोबल आइएमई बैंक लि | यस संस्थाको ९.९९ प्रतिशत संस्थापक शेयर धारण | १३२.९४ | ६.१४ | ०.०१ |
| प्रभू बैंक लि. | यस संस्थाको १०.९३ प्रतिशत संस्थापक शेयर धारण | १८.१४ | १.८६ | - |
| कुमारी बैंक लि. | यस संस्थाको ३.६४ प्रतिशत संस्थापक शेयर धारण | १६.७९ | ०.१९ | - |
| राष्ट्रिय बाणिज्य बैंक लि. | यस संस्थाको ४.५० प्रतिशत संस्थापक शेयर धारण | ५२.४१ | ०.८४ | ०.०८ |
| आईसिएफसि फाईनान्स लि. | यस संस्थाको ३.५५ प्रतिशत संस्थापक शेयर धारण | २५.०० | ०.०३ | - |
| ग्लोबल आइएमई क्यापिटल लि. | ग्लोबल आइएमई बैंक लि. को सहायक कम्पनी | - | - | ०.०१ |

यसका साथै माथि उल्लेखित बैंकहरूमा यस संस्थाको बैंक खाताहरू पनि सञ्चालनमा रहेका छन् ।

**ख) प्रमुख वित्तीय अनुपातहरू :**

| प्रति शेयर आम्दानी रु. | मूल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ रु. | प्रति शेयर कुल सम्पत्तिको मूल्य रु. | तरलता अनुपात (प्रतिशत) |
|---|---|---|---|---|
| ७.०० | १०८.६७ | १२६.७२ | ५३३.६५ | १८.०६ |

**२. व्यवस्थापकीय विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको बैंक मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**

अघिल्लो आ.व. मसान्तको तुलनामा यस त्रैमास मसान्तको तरलता मौज्दातमा १६.९६ प्रतिशतले कमी, संचित नाफा तथा जगेडा कोषमा ११.३८ प्रतिशतले कमी भएको छ । अघिल्लो आ.व. को संचित नाफाबाट शेयर लाभांश तथा नगद लाभांश भुक्तानी भएकोले गर्दा रकम घट्न गएको हो । यस वर्षको तेस्रो त्रैमाससम्मको खुद मुनाफा अघिल्लो आ.व. को तेस्रो त्रैमास सम्मको तुलनामा ४५.७७ प्रतिशतले घटेको छ । यस आ.व. को तेस्रो त्रैमास सम्मको खुद मुनाफा सात करोड छ लाख उनान्चालिस हजार एक सय सोह्र रहेको छ । यस त्रैमास मसान्तमा संस्थाको खुद कर्जा लगानी रकम अघिल्लो आ.व. मसान्त को तुलनामा १७.९२ प्रतिशतले घटेको छ । यस त्रैमासमा संस्थाले तरलताको व्यवस्थापन गर्दै ब्याजदरको लागत न्यून गर्न आवश्यक प्रयास गर्दै कर्जा लगानीमा आंशिक वृद्धि गरेको छ ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**

यस लघु वित्त वित्तीय संस्था निरन्तर रुपमा गुणस्तरीय थोक लघु कर्जा सेवा दिने कार्यमा केन्द्रित रहेको छ । वित्तीय क्षेत्रका विभिन्न सूचकहरूलाई मध्यनजर गर्दै न्यून जोखिम देखिएका संस्थाहरूको पहिचान गरी कर्जा लगानीको रकम तथा गुणस्तर विस्तारको लागि रणनैतिक तवरले अगाडी बढाउने योजना रहेको छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**

चालु आ.व. को यस त्रैमास मसान्तसम्म व्यवसायको आकार तथा व्यवसायिक वातावरण अनुसार संचालन मुनाफा न्यून भए तापनि स्वीकारयोग्य रहेको छ । विद्यमान परिस्थितिमा बृहत विश्लेषण पश्चात कर्जा लगानीमा केहि सुधार गरिनुका साथै नियमित अनुगमन र जोखिम मूल्यांकन गरिएको छ । विगत देखि जोखिममा रहेको केहि कर्जा बाहेक सम्पूर्ण कर्जा असुली नियमित रहेको छ र संस्थाले कर्जा असुलीमा विशेष जोड दिइरहेको छ । साथै जोखिममा रहेका कर्जाहरूको पनि असुलउपरमा प्रगति भइरहेको छ । आगामी दिनहरूमा कर्जा लगानी विस्तार हुने तथा भाखा नाघेको कर्जा नियमित हुँदै जाने अपेक्षा गरिएको छ भने ब्याजदर अन्तरको दरमा अझ संकुचन आउने देखिएको छ ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण :**

**क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको भए :**

यस संस्थाले कर्जा असूलीको लागि कर्जा असुली न्यायाधिकरणमा दर्ता गरेका मुद्दाहरू नियमित प्रक्रियमा छन् ।

**ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**

संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

**ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**

कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

**क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :**

यस लघु वित्त वित्तिय संस्थाको शेयर कारोबारका सम्वन्धमा व्यवस्थापनले नियमित रुपमा नेपाल स्टक एक्सचेन्जको कारोवार अवलोकन गरिरहेको छ । समिक्षा अवधिमा शेयरको मूल्यमा तात्विक असर पार्ने कुनै पनि असामान्य घटना घटेको छैन । यस लघु वित्त वित्तीय संस्थाको शेयर नेपाल स्टक एक्सचेन्जको सूचकाङ्कको आधारमा खुल्ला बजारमा सामान्य रुपमा कारोबार भइरहेको पाइन्छ ।

**ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या :**

मिति २०८१/१०/०१ देखि २०८१/१२/३१ सम्मको अवधिमा यस संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या निम्न विवरण अनुसार भएको देखिन्छ ।

| अधिकतम मूल्य रु | न्यूनतम मूल्य रु | अन्तिम मूल्य रु | कारोवार भएको कूल दिन | कारोवारको संख्या | कारोवार भएको कुल शेयर संख्या |
|---|---|---|---|---|---|
| ८९३ | ७१२ | ७६०.७१ | ५६ | १३,७५४ | २,८९३,०९० |

(श्रोत: नेपाल स्टक एक्सचेन्जको वेबसाईट www.nepalstock.com.np अनुसार)

**समस्या तथा चुनौती :**

**समस्या :** सीमित वित्तीय श्रोत, लघुवित्त सदस्यहरूको व्यवहारमा परिवर्तन, दक्ष जनशक्तिको अपर्याप्तता आदि ।

**चुनौती :** ऋणी संस्थाहरूको बढ्दो तरलता, नीति तथा नियममा हुने परिवर्तन, घट्दो व्याजदर अन्तर, बढ्दो भाखा नाघेको कर्जा रकम, वित्तीय स्रोतको विविधतामा कमी ।

**रणनीति:** खुद्रा लघुकर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरू मार्फत लक्षित विपन्न सदस्यहरूमा सेवा विस्तार गर्ने र लगानीमा विविधीकरण गरी जोखिम न्यूनीकरण गर्नु प्रमुख रणनीतिको रुपमा रहेको छ । साथै मानव श्रोतको विकास तथा व्यवस्थापन गर्दै निम्न रणनीतिहरू अवलम्बन गरिने छ :

क. व्यवसायिक सम्बन्ध तथा सूचना प्रणाली विस्तार गर्ने ।
ख. व्यवसायिक दिगोपना सुधार गर्ने ।
ग. केहि संस्थामा बढ्दो जोखिम न्यूनीकरण गर्ने ।
घ. कर्जा लगानी सम्बन्धि रणनीति परिवर्तन गर्ने ।
ङ. लागत कटौती गर्ने रणनीति लागू गर्ने ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासन सुदृढ गर्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति तथा कर्मचारी सेवा सुविधा समिति लगायतका समितिहरू र व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ । ऐन तथा नियम, नेपाल राष्ट्र बैंकको निर्देशन तथा लघुवित्त वित्तीय संस्थाले बनाएका नीति नियमहरू अनुपालन गरिएका छन् । संस्थागत सुशासनलाई अझ बलियो बनाउनका लागि नीति नियम तथा निर्देशिकाहरू तयार गरी व्यवस्थापनको स्पष्ट अधिकार र दायित्वको व्याख्या गरिएको छ जुन सञ्चालक समिति तथा अन्य समितिहरूद्वारा नियमित रुपमा सम्बन्धित विषयमा अनुगमन गर्ने गरिएको छ ।

**७. सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरू सुसूचित भई निर्णय लिन आवश्यक पर्ने कुनै विवरण वा सूचना तथा जानकारीहरू लुकाइएको छैन ।